नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २१८ २०८२ साल चैत २० गते शुक्रबार (3 Apr 2026 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

Log in : rajbirajdainik.com.np

*यस अंक भित्र :* २ पृष्ठमा : चटचाङका कारण एक ... ३ पृष्ठमा : जिम्मेवारी पूरा गरेर मतादेशको ... ३ पृष्ठमा : इरान युद्धमा ट्रम्पको ...

# मौसम परिवर्तनले आँपको उत्पादनमा कमी आउने, हावाहुरी र बर्षाले गहुँबालीमा क्षति





**नवीनकुमार गुप्ता**
**राजविराज, १९ चैत ।**

मौसम परिवर्तका कारण आँपको उत्पादनमा कमी आउने भएको छ भने हावाहुरी र वर्षाले गहुँ बालीमा क्षति पुगेको छ ।

गत शुक्रबार हावाहुरी र वर्षा आउनु केही दिन अघि मौसम परिवर्तन भएकोले मधुवा किराका कारण आँपको उत्पादनमा कमी आउने कृषि ज्ञान केन्द्र सप्तरीले जनाएको छ ।

सुरुमा आँपको उत्पादनमा वृद्धि हुने अनुमान गरिए पनि गत साता भएको मौसम परिवर्तनले आँपको मन्जरीमा मधुवा किरा लागेर झरेपछी उत्पादनमा केही कमी आउने कृषि ज्ञान केन्द्रका प्रमुख रोशन मेहताले जानकारी दिए ।

"मौसम परिवर्तनले मन्जरीमा मधुवा किरा लागेको र हावाहुरीसँगै भएको वर्षाले केही टिकुला झरेको छ" उनले भने, "व्यवसायीक रुपमा आँपको खेती गर्ने किसानले मन्जरी लागेसगै औषधी छर्केकोले उनीहरुको बचेको छ ।"

जिल्लाको उत्तरी भेगमा आँपको व्यवसायिक खेति गर्ने गरिएकाले विगतमा त्यहा आँपको उत्पादन रामै हुने गरेको तर यस त्यसतर्फ पनि यस पटक आँपको उत्पादनमा कमी हुने प्रमुख मेहताको आशंका छ । उनले भने, "शहर बजारमा रहेका आँपको मन्जरी मधुवा किराले खाएको र आँपको टिकुला हावाहुरीमा झर्दा उत्पादनमा कमी आएपनि ग्रामिण भेगमा गरिने व्यवसायिक आँपको खेतिका कारण केही राहत मिल्ने छ ।"

जिल्लामा यस वर्ष विगतको तुलनामा बढी आँपको बोटमा मन्जरी लागेको थियो । गत वर्ष आँपका लागि 'अफएयर' अर्थात् नफल्ने वर्ष थियो र यस वर्ष 'अनएयर' अर्थात् फल्ने वर्ष भएकोले उपादकत्वमा केही बृद्धि हुन सक्ने उनको भनाई छ ।

गत वर्ष ६४ हजार ३ सय ७३ मेट्रिकटन आँपको उत्पादन भएकोमा यस वर्ष ७५ हजार मेट्रिकटन आँप उत्पादन हुने अनुमान गरिएको केन्द्रका योजना अधिकृत किशुनदेव राउतले जानकारी दिए । कूल ८ हजार २ सय ५३ हेक्टर जमिनमा आँपको बोट रहेको जिल्लामा चालु आ.व. २०८२/०८३ मा ७० हजार मेट्रिकटन उत्पादकत्व हुने कृषि ज्ञान केन्द्र सप्तरीले जनाएको छ ।

मधेश प्रदेशमै सबै भन्दा बढी आँप उत्पादन हुने जिल्लाको रूपमा पनि चिनिएको सप्तरीको भौगौलिक अवस्था र हावापानीको दृष्टिकोणले हेर्दा आँप उत्पादनका सुहाँउदो मानिन्छ ।

मधेश प्रदेशमा सप्तरीपछि सिरहामा पनि रामै आँप उत्पादन हुन्छ तर, स्वादको मामिलामा सप्तरीको आँप उत्कृष्ट मानिएको छ । यहाँको मालदह, बम्बई, कलकतीया, अम्रपाली, मल्लिका र गुलाव खास आँप स्वादिलो हुने भएकाले अनयन्त्र जिल्लामा पनि ती आँपहरूको ठुलो माग रहिआएको छ ।

यस्तै गत शुक्रबार राति आएको हावाहुरी र भएको बर्षाले गँहुबालीमा क्षति पुगेको हो । एक साताको अवधिमा दुई पटक हवाहुरी संगै भएको बर्षाले गहुँबाली भित्र्याउने आशमा बसेका सप्तरीका किसान चिन्तित देखिएका छन् । मुख्य रुपमा किसानले गँहुबाली भित्र्याउने चैत महिना हो ।

सप्तरीमा धान सबैभन्दा बढी उत्पादन हुने र दोस्रो बाली हो गहुँ । यसपालि कार्तिक महिनामा भएको बर्षाका कारण गँहुको विउ ढिलो गरी खेतमा छरिएको कारण चैत महिनाको अन्त्यतिर मात्र भित्र्याउने समय पुग्ने हुँदा अहिलेको बर्षाले बालीमा क्षति पुऱ्याएको छ ।

चैत र बैशाख महिना हावाहुरी, असिना र बर्षा हुने समय हो, अझै पनि बर्षा हुने कि भन्ने चिन्ताले सताएको छ रुपनी गाउँपालिका ४ का किसान धनिचन्द मंडललाई । उनले पानि परेको कारण सोचे जस्तो गहुँबाली भित्र्याउन नसक्ने बताए ।

सप्तरीमा यस वर्ष ३५ हजार हेक्टर क्षेत्रफल खेती योग्य जग्गामा गहुँबाली लगाइएको योजना अधिकृत राउतले बताए ।

# भूमि सुधार तथा मालपोत कार्यालयबाट चार जना बिचौलियाको आरोपमा पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, १९ चैत ।**

भूमि सुधार तथा मालपोत कार्यालय सप्तरीबाट बिहीबार प्रहरीले चार जनालाई पक्राउ गरेको छ ।

सो कार्यालय परिसरमा विचौलियाको रुपमा काम गरिरहेको आरोपमा उनीहरुलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरिक्षक डम्बर बहादुर पुरीले जानकारी दिएका छन् ।

पक्राउ परेकाहरु लेखापढी व्यवसायी हुन वा होइनन् भन्ने बारे प्रहरीले थपअनुसन्धान गरिरहेको उनले जनाए । हाल उनीहरु जिल्ला प्रहरी कार्यालय सप्तरीको हिरासत रहेका छन् ।

# सरकारी संचारमाध्यममा मात्र सरकारी सूचना प्रकाशन र प्रसारण गर्ने निर्णयप्रति महासंघको गम्भिर आपत्ति

**दैनिक समाचारदाता**
**राजविराज, १९ चैत ।**

नेपाल पत्रकार महासंघले सरकारी सञ्चारमाध्यममा मात्र सरकारी सूचना प्रकाशन र प्रसारण गर्ने भनी जारी परिपत्रप्रति गम्भिर आपत्ति जनाउँदै तत्काल फिर्ता लिन माग गरेको छ ।

महासंघका महासचिव रामप्रसाद दाहालद्वारा बिहीबार जारि विज्ञप्तिमा सरकारी सञ्चारमाध्यममा मात्र सरकारी सूचना प्रकाशन र प्रसारण गर्ने भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सबै संघीय मन्त्रालय, आयोग र सचिवालय, प्रदेश र स्थानीय तहहरूलाईसमेत जारी गरिएको परिपत्रप्रति आपत्ति जनाइएको हो ।



विज्ञप्तिमा भनिएको छ, "कोरोना कहर र जेन्जी आन्दोलनको कारण आर्थिक संकट व्यहोरिरहेका निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन रोक लगाउने सचिव स्तरीय निर्णयप्रति महासंघ गम्भीर असहमति र आपत्ति प्रकट गर्दछ ।" "यो निर्णयबाट निजी सञ्चारमाध्यम बन्द भई श्रमजीवी पत्रकारहरूको रोजीरोटी खोसिने स्थिति एकातिर सर्जना भएको छ भने अर्कोतिर प्रेस सेन्सरशीपको अवस्था सिर्जना भई आवाजविहीनको आवाज बनिरहेको स्वतन्त्र पत्रकारितामा प्रत्यक्ष असर पर्ने महासंघको ठहर छ ।" विज्ञप्तिमा उल्लेख छ ।

संविधानप्रदत्त पूर्ण प्रेस स्वतन्त्रता, उदारवादी अर्थ नीति र संघीयताको मर्मविपरितको निर्णय तत्काल फिर्ता लिन महासंघले सरकारसँग जोडदार माग गर्दै महासंघ स्वतन्त्र प्रेस नियन्त्रण गरी सूचना एकाधिकार लाद्ने सरकारी निर्णय अस्वीकार गर्दै समग्र सञ्चारजगतको नेतृत्वसाथ प्रतिवादमा उत्रन बाध्य हुनेतर्फ विज्ञप्ति मार्फत सचेत समेत गराइएको छ ।

**स्वास्थ्य अमूल्य सम्पत्ति हो, यसको रक्षा गरौं।**

- सन्तुलित र पौष्टिक खाना सेवन गरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- स्वच्छ पानी र सरसफाइमा विशेष ध्यान दिऔं,
- खोप तथा आवश्यक स्वास्थ्य सेवा समयमै लिऔं,
- नियमितरूपमा स्वास्थ्यसम्बन्धी परामर्श लिऔं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं र तनाव व्यवस्थापन गरौं,
- सुर्ती, मदिरा र लागूऔषधबाट टाढा रहौं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं,

स्वस्थ नागरिक, समुन्नत राष्ट्र।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### खोला नदीको मर्मत र सरसफाई आवश्यक

सप्तरी जिल्लामा रहेको खोला नदीको सरसफाई हुन नसक्दा वर्षायाममा पानीको बहाव सतह भन्दा माथी बग्ने गरेको छ । जसकारण पानी मानवबस्तीमा पुगेर डुवान क्षेत्रमा परिणत हुने गरेको पाइएको छ । सरकारले नदीबाट बालुवा निकाल्न प्रतिबन्द्ध लगाएपछि खोला, नदीमा बालुवा थुप्रिदै जाँदा बहाव क्षेत्र साँघुरो हुँदै गएको छ । अबको केही महिनामा वर्षायाम सुरु हुन्छ । यसअवधीमा बाढी आउने सम्भावना अत्याधिक हुन्छ । जिल्लाको खाडो नदी बाढीको उच्च जोखिममा पर्ने गरेको छ । यो नदी नियन्त्रण, मर्मत, सरसफाईका लागि हरेक वर्ष बजेट निकासा हुन्छ, तर पुरानै कामलाई कागजी प्रक्रिया अपनाएर रकम हजम हुने गरेको छ ।

जिल्लाको रुपनी गाउँपालिका हुँदै राजविराज नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, तिलाठी कोइलाडी गाउँपालिकासम्म खाँडो नदीको बग्ने गर्दछ र पछि तिलाठीबाट भारततर्फ सो नदीको धार परिवर्तन हुन्छ । यस्तो अवस्थामा खाँडोको अन्तिम गन्तव्य तिलाठी नै हो । यस्तो अवस्थामा तीनै तहको सरकार समस्या समाधानप्रति अझै अनभिज्ञ नै रहेको छ ।

तसर्थ जिल्लाको विभिन्न नदी, खोलाको मर्मत सम्भार र उचित सरसफाईप्रति सम्बन्धीत निकायको गम्भिर ध्यानाकर्षण हुनु जरुरी छ । साथै स्थानियस्तरबाट पनि यसका लागि जनदवाब समेत सृजना हुनु पर्ने आवश्यकता देखिन्छ ।


**डा. भगवती यादव**

**Dr. Bhagwati Yadav**

MBBS, MD Paediatrics (USC)

NMC Reg. No. : 11389

**नवजात शिशु तथा बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569


# चटचाङका कारण एक दशकमा हजार बढीको ज्यान गयो

**प्रगति ढकाल**

काठमाडौँ, १९ चैत (रासस) ।

गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार नेपालमा विगत १२ वर्षमा चटचाङका घटनाबाट ठूलो जनधनको क्षति भएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका वरिष्ठ हाइड्रोलोजिस्ट राजेन्द्र शर्माका अनुसार विसं २०७० वैशाख १ गतेदेखि विसं २०८२ फागुन मसान्तसम्मको अवधिमा देशभर तीन हजार ३८६ वटा चटचाङका घटना दर्ता भएका छन् । ती घटनामा कुल एक हजार ७३ जनाको ज्यान गएको छ । तीमध्ये ४६० पुरुष, ३०३ महिला र ३१२ जनाको पहिचान खुल्न सकेको छैन ।

चटचाङबाट तीन ४०८ जना घाइते भएका छन् । तीमध्ये एक हजार ३१७ पुरुष, एक हजार ६३३ महिला छन् । चार हजार २९४ परिवार चटचाङका कारण प्रभावित बनेका केन्द्रले जनाएको छ । साथै एक सय चार घरमा पूर्ण र तीन सय ९० घरमा आंशिक रूपमा क्षति पुगेको छ ।

पूर्वाधारतर्फ एक सय १४ गोठमा क्षति पुगेको छ भने चार हजार ८४९ वटा पशुचौपायामा क्षति पुगेको छ । केन्द्रका अनुसार चटचाङका घटनाबाट कुल रु ११ करोड ८२ लाख १८ हजार २६० बराबरको अनुमानित आर्थिक क्षति भएको वरिष्ठ हाइड्रोलोजिस्ट शर्माले जानकारी दिनुभयो ।

विसं २०७० देखि २०८२ सम्मको अवधिमा मकवानपुरमा सबैभन्दा बढी १८२ वटा चटचाङका घटना दर्ता भएका छन् । उक्त जिल्लामा २१ पुरुष र २० महिला गरी ४१ जनाको मृत्यु भएको छ भने ७५ जना घाइते भएका छन् । साथै तीन सय परिवार प्रभावित भएका छन् ।

झापामा एक सय १३ घटना, उदयपुरमा एक सय चार, दैलेखमा एक सय पाँच र मोरङमा ९५ वटा घटना दर्ता भएका छन् । मानवीय क्षतिको हिसाबले मकवानपुरमा सबैभन्दा बढी ७५, मोरङमा ४२ र उदयपुरमा ३९ जनाको मृत्यु भएको राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रले जनाएको छ ।

पूर्वी पहाडी जिल्लामा पनि चटचाङको प्रभाव उल्लेखनीय देखिएको केन्द्रको भनाइ छ । खोटाङमा ९२, सङ्खुवासभामा ८६, र ओखलढुङ्गामा ७६ वटा घटना दर्ता भएका छन् । यसले यी क्षेत्रमा चटचाङको निरन्तर जोखिम देखाएको छ । मधेस प्रदेशअन्तर्गत सप्तरी, सिराहा, धनुषा, पर्सालगायत जिल्लामा दर्जनौँको मृत्यु भएको राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको विवरणमा उल्लेख छ ।

पश्चिम नेपालतर्फ रोल्पामा ९१, गुल्मीमा ७२, प्युठानमा ७२ र अछाममा ७३ वटा घटना दर्ता भइका छन् । आर्थिक क्षतिमा झापामा सबैभन्दा बढी करिब रु एक करोड सात लाखबराबरको क्षति भएको छ भने खोटाङ, उदयपुर र सङ्खुवासभामा पनि बढी नोक्सानी भएको छ ।

यसैबीच, विज्ञहरूले मनसुन र प्रि-मनसुन अवधिमा चटचाङका घटना बढी हुने भएकाले सचेतना अभिवृद्धि र सुरक्षात्मक उपाय अपनाउन आवश्यकमा जोड दिएका छन् ।

**वार्षिक औसत ६७ जनाको मृत्यु**

विसं २०७९ देखि विसं २०८१ सम्मको तथ्याङ्क विश्लेषण गर्दा चटचाङबाट वार्षिक औसत रूपमा ६७ जनाको मृत्यु हुने गरेको राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको तथ्याङ्कले देखिएको छ । गृह मन्त्रालयको तथ्याङ्क अनुसार विसं २०७७ मा दुई दुई ४८ वटा घटना हुँदा ७० जनाको मृत्यु र दुई सय ४८ जना घाइते भएका थिए । विसं २०७८ मा घटनाको सङ्ख्या दुई सय तीनमा झरेकामा ती घटनामा ५६ जनाको मृत्यु र एक सय ७९ जना घाइते भएका थिए ।

वरिष्ठ हाइड्रोलोजिष्ट शर्माका अनुसार विसं २०७९ मा दुई सय ९० घटना दर्ता हुँदा ८४ जनाको मृत्यु, दुई सय ३८ जना घाइते, विसं २०८० मा दुई सय ४७ घटनामा ४४ को मृत्यु र दुई सय २८ घाइते, विसं २०८१ मा चार सय ३६ घटना हुँदा वर्ष ७९ जनाको मृत्यु र तीन सय २२ जना घाइते भएका छन् । विसं २०८२ को वैशाखदेखि चैत्र १४ गतेसम्मको अवधिमा चार सय ४१६ घटना हुँदा ४७ को मृत्यु र तीन सय सात जना घाइते भएका उहाँले जानकारी दिनुभयो ।

यसैबीच, जल तथा मौसम विज्ञान विभागको प्रवक्ता एवं मौसमविद् विभूती पोखरेलले हावाहुरी चलिरहेको तथा चटचाङ परिरहेको समयमा घरबाहिर ननिस्कन सबैलाई आग्रह गर्नुभयो । विभागका मौसमविद् गोविन्द झाले चटचाङ्ग (आकाशीय बिजुली) आउन लागेको छ कि छैन भनेर सर्वसाधारणले केही स्पष्ट प्रारम्भिक सङ्केतबाट पहिचान गर्न सक्ने बताउनुभयो । उहाँका अनुसार अस्थिर वायुमण्डल, दिउँसो गर्मी बढ्नु र विस्तारै कालो बादल लाग्नु, बादल तीव्रगतिमा सर्नु र अचानक चिसो हावा चल्नु चटचाङको प्रमुख सङ्केत हुन् ।

टाढाबाट गड्याङगुडुङको आवाज सुन्नु पनि चटचाङ्ग आगमनको स्पष्ट सङ्केत रहेकाकाले आवश्यक सावधानी अपनाउनुपर्नेमा मौसमविद् झाले जोड दिनुभयो । ाष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार आकाशमा बिजुली चम्किन थाली गड्याङगुडुङ गर्न थालेपछि सतर्क हुने र नजिकै कुनै घर वा संरचना भए भित्र जानुपर्ने जनाएको छ ।

**के हो चटचाङ ?**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले प्रकाशन गरेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी हाते पुस्तकका अनुसार चटचाङ बादलदेखि जमिनमा बग्ने ठूलो मात्राको विद्युतीय करेन्ट हो । फरक उचाइमा रहेका र विपरीत चार्ज रहेका बादलहरू नजिक पुगेर एक्कासी विद्युत् प्रवाह हुँदा ठूलो मात्रामा शक्ति उत्पन्न हुँदा चर्को आवाज र आगोसहितको विद्युतीय तरङ्ग पृथ्वीको सतहमा आउँदा चटचाङको जोखिम हुन्छ । बस्ती, वन बुट्यान र भौगोलिक परिवेशले चटचाङका घटना र विपद् जोखिम निर्धारण गर्दछन् तापनि मूलतः यो एक दुर्घटना हो । चटचाङका कारण विशेषगरी खुला क्षेत्रमा काम गर्ने किसान, मजदुर र पशुपालकको ज्यान जाने गरेको छ । अग्ला भवन, विद्यालय, अस्पताल, सपिङ मल, विद्युत तथा टेलिफोन लाइनजस्ता भौतिक पूर्वाधार संरचनामा चटचाङ निवारक प्रविधि जडान गरेर जनधनको क्षति कम गर्न सकिन्छ ।

**चटचाङबाट बच्न पूर्वतयारी र सावधानी अपनाउन आग्रह**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले प्रकाशन गरेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी हाते पुस्तकले चटचाङबाट हुने जोखिम घटाउन समयमा पूर्वतयारी र सचेतना अपनाउन सबैलाई आग्रह गरेको छ । प्राधिकरणले आधिकारिक निकायबाट जारी हुने पूर्वसूचना र जानकारीलाई विशेष ध्यान दिनुपर्नेमा जोड दिएको हो ।

हाते पुस्तकअनुसार चटचाङका बेला सुरक्षित स्थान र व्यवहारबारे अग्रिम जानकारी राख्नु आवश्यक छ । यसबारे घरपरिवार, छिमेकी तथा समुदायमा छलफल गरी सचेतना फैलाउनुपर्ने उल्लेख गरिएको छ । विद्यालय, कलेज तथा टोलस्तरमा समेत चटचाङबाट जोगिने अभ्यास सञ्चालन गर्न सुझव दिएको छ ।

घरवरिपरि रहेका अग्ला रुखहरू हटाउने वा होचो बनाउने साथै घरको विद्युतीय प्रणालीमा गुणस्तरीय अर्थिङ व्यवस्था गर्नुपर्ने जनाइएको छ । अर्थिङले चटचाङको करेन्टलाई जमिनमा सुरक्षित रूपमा प्रवाह गर्न मद्दत गर्दछ । चटचाङ सक्रिय हुने समयमा अनावश्यक रूपमा विद्युतीय उपकरण प्रयोग नगर्न र जोखिमयुक्त क्षेत्रमा भीड नगर्न पनि आग्रह गरिएको छ ।

**घरबाहिर हुँदा अपनाउनुपर्ने सावधानी**

चटचाङ परिरहेका बेला बाहिर परेमा तत्काल सुरक्षित भवनभित्र पस्नुपर्ने सुझाव दिइएको छ । रुख, बिजुलीका पोल वा टावर नजिक बस्न नहुने, छाता प्रयोग नगर्नु पर्ने तथा खेतबारीमा काम गरिरहेको अवस्थामा काम रोकी सुरक्षित स्थानमा जानुपर्ने उल्लेख गरिएको छ । सुरक्षित ओत उपलब्ध नभएमा शरीरलाई सानो बनाएर घुँडा समातेर बस्नुपर्ने, समूहमा भए अलगअलग र टाढा बस्नुपर्ने बताइएको छ । खोला, पोखरी वा स्वीमिङ क्षेत्रमा रहेमा तुरुन्त बाहिर निस्कन र माछा मार्ने वा र्‍याफ्टिङजस्ता गतिविधि नगर्न पनि सचेत गराइएको छ । त्यस्तै, साइकल वा मोटरसाइकलमा यात्रा गरिरहेको अवस्थामा सवारी साधन रोकी ओर्लनुपर्ने र धातुका वस्तु नछुनुपर्ने सुझाव दिइएको छ ।

**घरभित्र हुँदा के गर्ने ?**

प्राधिकरण वरिष्ठ हाइड्रोलोजिष्ट शर्माले घरभित्र रहँदा झ्यालढोका बन्द गरी सुक्खा स्थानमा बस्नुपर्ने, तारयुक्त टेलिफोन प्रयोग नगर्नुपर्ने तथा सकेसम्म मोबाइल फोनसमेत प्रयोग नगर्न सुझाव दिनुभएको छ । उहाँका अनुसार चार्जमा रहेका विद्युतीय उपकरणहरू हटाउने, टिभी, कम्प्युटरजस्ता उपकरण बन्द गरी प्लग निकाल्नुपर्छ ।

"साथै पानीका धारामा नछुने, नुहाउने, कपडा धुने वा भाँडा माझ्ने काम नगर्नुपर्ने तथा झ्याल, ग्रिल वा धातुका संरचनामा नअडिएर अलग बस्न आग्रह गर्दछौँ", शर्माले भन्नुभयो । सम्बन्धित निकायले बारम्बार चटचाङ पर्ने क्षेत्रमा 'चटचाङ जोखिम क्षेत्र' का डस्केत चिह्न राखी जनचेतना अभिवृद्धि गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

**मानसिक स्वास्थ्यमा पर्ने असर**

पाटन मानसिक अस्पतालका वरिष्ठ मनोरोग विशेषज्ञ वासुदेव कार्कीले चटचाङजस्ता प्राकृतिक विपद्पछि मानसिक तथा मनोसामाजिक समस्या देखिन सक्ने बताउनुभयो । उहाँका अनुसार यस्ता घटनापछि पीडित र प्रभावित परिवारमा तनाव, डर, चिन्तालगायत समस्या सामान्य रूपमा देखापर्न सक्छन् । "विपद्को समयमा मानसिक अवस्थालाई बेवास्ता गर्नु हुँदैन, समयमै पहिचान र व्यवस्थापन आवश्यक हुन्छ", उहाँले भन्नुभयो ।

सरकारले पनि प्राकृतिक विपद्का बेला मनोसामाजिक समस्याको पहिचान र व्यवस्थापनलाई प्राथमिकतामा राख्दै नीति बनाएको भन्दै वरिष्ठ मनोरोग विशेषज्ञ कार्कीले नीतिको प्रभावकारी कार्यान्वयन आवश्यक रहेकामा जोड दिनुभयो । उहाँका अनुसार यस्ता कठिन समयमा व्यक्तिले आफ्ना भावनात्मक समस्या स्वाभाविक रूपमा स्वीकार गर्नुपर्छ ।

"आफ्नो अनुभूति दबाएर राख्नु हुँदैन, नजिकका साथी वा परिवारसँग कुरा गर्नु महत्त्वपूर्ण हुन्छ", वरिष्ठ मनोरोग विशेषज्ञ कार्कीले सुझाव दिनुभयो, "आवश्यक परेमा विशेषज्ञ चिकित्सकको सहयोग लिनुपर्छघ ।" उहाँले प्रभावितलाई उपलब्ध सहयोगी संयन्त्रसँग जोड्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल रेडक्रस सोसाइटी लगायत संस्थाहरूले मनोसामाजिक सहयोगसम्बन्धी कार्यविधि तयार गरी तालिम तथा कार्यक्रम सञ्चालन गर्दै आएको छ । विपद्बाट मृत्यु भएका व्यक्तिका परिवार र

*बाँकी अन्तिम पृष्ठमा*

# जिम्मेवारी पूरा गरेर मतादेशको ऋण तिर्नेछौं : सभापति लामिछाने

काठमाडौं, १९ चैत (रासस)।
राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले जनताले आफूहरूलाई दिएको मतादेशको ऋण जिम्मेवारी पूरा गरेर तिर्ने बताउनुभएको छ।

प्रतिनिधिसभाको पहिलो अधिवेशनको पहिलो बैठकमा बिहीबार दलीय आधारमा बोल्दै सभापति लामिछानेले आफूहरूलाई जनताले सिंहदरबार चलाउन नभई सिंहदरबार बदल्नका लागि मत दिएको र सोहीअनुसार काम सुरु गरिसकेको स्पष्ट गर्नुभयो।

"हामी प्रश्न गरेर यो ठाउँमा आएका हौं। हामीले बोलेर होइन कामबाट आफूलाई प्रमाणित गर्नुपर्छ। हामी विगतका कमजोरीबाट पाठ सिक्नेछौं", सभापति लामिछानेले भन्नुभयो, "यो संसद् बहसको थलो हुनेछ, प्रतिशोधको थलो होइन। प्रतिपक्षलाई अन्यायपूर्वक प्रतिशोध र अत्याचार हुनेछैन, तर सुशासनको बेग पनि रोकिनेछैन। रास्वपाका हरेकले बोलेर होइन, कामबाट आफूलाई प्रमाणि गर्नुपर्नेछ।"

आफ्नालाई बचाउन र अरुलाई फसाउन कानुन नै संशोधन हुने क्रम अब नहुने जिकिर गर्दै उहाँले सहिदको आमाको न्याय पाउने पहिलो हक भएकाले त्यसलाई प्रतिशोध भन्न नपाइने बताउनुभयो।

सभापति लामिछानेले बिचौलिया र माफियाले थिचिएको निजी क्षेत्रलाई अब त्यस्तो दबाब नपर्ने भन्दै समान अवसर र व्यावसायिक वातावरण सरकारले मिलाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले जातीय र लैङ्गिक आधारमा कुनै विभेद नहुने सङ्कल्प गर्दै ज्येष्ठ नागरिकको सम्मान र बालबालिकाको शिक्षा, स्वास्थ्यका लागि विशेष ध्यान दिने बताउनुभयो।

विगतमा राजनीतिक नियुक्ति लिएकालाई स्वेच्छिक रूपमा मार्गप्रशस्त गर्ने अपेक्षा गर्दै उहाँले नयाँ नियुक्तिमा विधि र योग्यताको मापदण्ड पालना हुने स्पष्ट गर्नुभयो। सभापति लामिछानेले राजदूतको नियुक्ति बिचौलियाको प्रभावमा नभई श्रमिकको हितकेन्द्रित हुने पनि बताउनुभयो।

गैह्रआवासीय नेपालीको पुँजी, सीप र अनुशासनलाई नेपालको आर्थिक विकासमा उपयोग गर्ने बताउँदै उहाँले मुलुकले प्रतिपक्षलाई पनि साथमा लिएर मित्रवत् र पारदर्शी परराष्ट्र नीति कायम गर्ने बताउनुभयो।

# सुशासनमार्फत नागरिकमा आशा र विश्वास जगाउन आवश्यक छ : कांग्रेस नेता आङ्देम्बे

काठमाडौं, १९ चैत (रासस)।
नेपाली कांग्रेसका नेता भीष्मराज आङ्देम्बेले सहमति, सहकार्य र सुशासनमार्फत नागरिकमा आशा र विश्वास जगाउनुपर्नेमा जोड दिनुभएको छ।

प्रतिनिधिसभाको बिहीबारको पहिलो बैठकमा उहाँले राजनीतिक अस्थिरता र कमजोर शासनशैलीका कारण निराशा बढेको उल्लेख गर्दै भविष्यमा यस्तो अवस्था आउन नदिन दूरदर्शी नीति र स्थिर सरकार आवश्यक रहेको बताउनुभयो।

विगत ३५ वर्षमा द्वन्द्व, भूकम्प तथा कोभिड-१९ महामारीजस्ता चुनौतीका बाबजुद देशमा पूर्वाधार, विद्युत्, सञ्चार, स्वास्थ्य र वित्तीय क्षेत्रमा प्रगति भएको उल्लेख गर्दै नेता आङ्देम्बेले 'केही पनि भएन' भन्ने निराशावादी धारणा यथार्थमा आधारित नभएको तर्क गर्नुभयो।

उहाँले विभिन्न लोकतान्त्रिक आन्दोलनदेखि पछिल्लो जेनजी विद्रोहसम्म ज्यान गुमाएका सहिदप्रति श्रद्धाञ्जली अर्पण गर्दै अब देशमा पुनः हिंसा दोहोरिन नदिन सबै राजनीतिक शक्ति एकजुट हुनुपर्ने बताउनुभयो। नेता आङ्देम्बेले २०४६ सालको जनआन्दोलन, सशस्त्र द्वन्द्व, २०६२/६३ को जनआन्दोलन, मधेस आन्दोलनलगायतका सङ्घर्ष स्मरण गर्दै फरक विचार भए पनि सबै एउटै राष्ट्रिय लक्ष्यमा केन्द्रित हुनुपर्ने धारणा व्यक्त गर्नुभयो।

उहाँले संसदीय लोकतान्त्रिक प्रणालीलाई नेपालको साझा मार्गका रूपमा व्याख्या गर्दै बिपी कोइरालाले प्रस्ताव गरेको यो प्रणालीप्रति सबै राजनीतिक शक्ति पुनः प्रतिबद्ध भएको उल्लेख गर्नुभयो। नेता आङ्देम्बेले कांग्रेसले जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह गर्ने स्पष्ट पार्दै पहिलो दलका रूपमा निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टी तथा प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारलाई बधाइ तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो।

उहाँले गत भदौ २३ र २४ गतेका घटनाको निष्पक्ष छानबिन गर्न सरकारसँग माग गर्दै संसद् भवन र सिंहदरबारमा भएको क्षतिको यथार्थ सार्वजनिक गर्नुपर्ने बताउनुभयो। दोषीलाई कारबाही र निर्दोषलाई संरक्षण गर्नुपर्ने नेता आङ्देम्बेको भनाइ थियो।

उहाँले नयाँ सरकारलाई संविधान र जनअपेक्षाविपरीत काम भए प्रतिपक्षले सशक्त रूपमा खबरदारी गर्ने उल्लेख गर्नुभयो। यसैबीच, उहाँले राष्ट्रपति रामचन्द्र पौडेल, पूर्वप्रधानमन्त्री सुशीला कार्की, निर्वाचन आयोग, सुरक्षा निकाय तथा सञ्चारकर्मीप्रति निर्वाचन सम्पन्न गर्न योगदान पुऱ्याएकामा आभार व्यक्त गर्नुभयो।

# आलोचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्छौं : सांसद पुन

काठमाडौं, १९ चैत (रासस)।
नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का तर्फबाट निर्वाचित सांसद वर्षमान पुनले आफ्नो पार्टीले सदनमा आलोचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्ने बताउनुभएको छ।

प्रतिनिधिसभाको पहिलो अधिवेशन प्रारम्भको अवसरमा बिहीबार दलीय आधारमा मन्तव्य राख्दै उहाँले देश र जनताको पक्षमा आफ्नो पार्टीले सरकारलाई रचनात्मक सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो।

"राष्ट्र निर्माण, सामाजिक न्याय, रुपान्तरणलगायत जनहित र सकारात्मक विषयमा सरकारलाई सहयोग गर्न तयार छौं", सांसद पुनले भन्नुभयो, "गणतन्त्र, लोकतन्त्र, सङ्घीयता र समावेशीतालगायत राजनीतिक उपलब्धिलाई अझ उन्नत बनाउँदै लैजानेमा सहकार्य र समन्वय गर्नेछौं।"

सांसद पुनले आफ्नो पार्टी लोकतान्त्रिक आचरण, व्यवहार र पद्धतिमा विश्वास राख्ने उल्लेख गर्दै नवयुवा पुस्ताले उठाएका विषयलाई सम्बोधन गर्नेतर्फ सरकारको ध्यान जानुपर्नेमा जोड दिनुभयो। तत्कालीन नेकपा (माओवादी)ले २०६४ र नेपाल कम्युनिष्ट पार्टी (नेकपा)ले २०७४ सालमा प्राप्त गरेको जनमत अहिले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्राप्त गरेको उल्लेख गर्दै उहाँले माओवादी र नेकपाको कमीकमजोरीबाट पाठ सिकेर आगामी यात्रा तय गर्न सुझाव दिनुभयो।

# प्राकृतिक स्रोतको सदुपयोग गर्न पाउने सहज नियम बनाउनुपर्छ : अध्यक्ष राई

काठमाडौं, १९ चैत (रासस)।
श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क सम्पाङ राईले प्राकृतिक स्रोतसाधनको सदुपयोग गर्न पाउने गरी सहज नियम बनाउनुपर्नेमा जोड दिनुभएको छ। प्रतिनिधिसभाको बिहीबारको बैठकमा उहाँले प्राकृतिक स्रोतसाधनको सरंक्षण गर्दै मुलुक समृद्धिमा यसको सदुपयोग गर्नुपर्ने उल्लेख गर्नुभयो।

जनचाहनाबमोजिम मुलुकमा सुशासन कायम गरी भ्रष्टचार अन्त्य गर्न सबै लाग्नुपर्ने बताउँदै अध्यक्ष राईले सार्वभौमसत्ता र स्वाभिमानमा प्रतिकुल असर पार्ने कुनै पनि सन्धि सम्झौता खारेज गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले सिमाना रक्षाका लागि नेपाली सेना खटाउनुपर्ने, प्रत्यक्ष कार्यकारीको व्यवस्था हुनुपर्ने र त्यसमा आफ्नो पार्टीको साथ रहने उहाँको भनाइ थियो।

अध्यक्ष राईले गत भदौ २३ र २४ गते जेनजी आन्दोलनका कार्यक्रममा आन्दोलन भड्काउने र दमन गर्ने दोषी पक्षलाई छानबिन गरी कारबाही गर्नुपर्ने माग गर्नुभयो। उहाँले मुलुकमा सुशासन कायम गर्न सबै राजनीतिककर्मी र सार्वजनिक ओहोदामा बसेका सबैको सम्पत्ति छानबिन गर्नुपर्ने, शिक्षालाई उत्पादनसँग जोड्नुपर्ने, एक पालिकामा एक उद्योग, एक घर-एक रोजगारी, बन्द भएका उद्योग सञ्चालन गर्नुपर्ने र नयाँ उद्योग खोल्नुपर्ने माग गर्नुभयो।

अध्यक्ष राईले वर्तमान सरकारलाई शान्ति सुरक्षाका साथै शिक्षा, स्वास्थ्य, खानेपानीलगायत जनताका आवश्यकताका क्षेत्रमा प्रभावकारी काम गर्न ध्यानाकर्षण गराउनुभयो। विद्यार्थी सङ्गठन खारेजी, ज्येष्ठ नागरिकलाई दिइदै आएको वृद्ध भत्ता वितरणमा नयाँ मापदण्डलगायत सरकारले अघि सारेका विषयमा पुनर्विचार गर्नुपर्ने सुझाव दिँदै घरबारविहीन नागरिकलाई विस्थापन होइन, व्यवस्थापन गर्नुपर्ने उहाँको माग थियो।

## विश्व समाचार

### इरान युद्धमा ट्रम्पको कडा चेतावनी

वासिङ्टन, १९ चैत (रासस/एएफपी)।
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग जारी युद्धलाई निर्णायक मोडमा पुगेको दाबी गर्दै थप दुईदेखि तीन हप्तासम्म 'अत्यन्त कडा' आक्रमण जारी रहने चेतावनी दिनुभएको छ। ट्रम्पको उक्त अभिव्यक्तिले युद्ध अन्त्य नजिक पुगेको सङ्केत गरे पनि अन्तर्राष्ट्रिय चिन्ता झनै बढाएको छ। ह्वाइट हाउसबाट बुधबार साँझ सम्बोधन गर्दै ट्रम्पले संयुक्त राज्य अमेरिका आफ्नो लक्ष्य हासिल गर्ने चरणमा पुगेको बताउनुभयो, तर युद्ध कसरी र कहिले टुङ्गिन्छ भन्नेबारे स्पष्ट खाका प्रस्तुत गर्नुभएन। उहाँले 'काम छिट्टै पूरा गरिने' दाबी दोहोऱ्याउँदै अमेरिकी आक्रमण अझ तीव्र हुने सङ्केत गर्नुभयो। एक महिनाभन्दा बढी समयदेखि जारी यस द्वन्द्वले अमेरिकाभित्रै राजनीतिक दबाब बढाइरहेको छ। ट्रम्पको स्वीकृति दर घट्दै गएको छ भने बढ्दो तेल मूल्यका कारण सर्वसाधारणमा आर्थिक दबाब महसुस हुन थालेको छ। यही सन्दर्भमा उहाँले फेब्रुअरी २८ मा सुरु गरिएको आक्रमणमा किन इजरायलसँग सहकार्य गरिएको हो भन्ने विषयमा विस्तृत स्पष्टीकरण दिनुभएको थियो।

उहाँले आफ्नो सम्बोधनमा अमेरिकाको रणनीतिक उद्देश्य इरानको सैन्य क्षमता कमजोर पार्ने, क्षेत्रीय सशस्त्र समूहहरूलाई दिइँदै आएको समर्थन अन्त्य गर्ने तथा इरानलाई आणविक हतियार प्राप्त गर्नबाट रोक्ने रहेको उल्लेख गर्नुभयो। यद्यपि संयुक्त राष्ट्रसङ्घका निकाय र अन्य विश्लेषकहरूले इरान तत्कालै आणविक हतियार नजिक नभएको आकलन गर्दै आएका छन्। द्वन्द्वको सुरुआती चरणमै इजरायलले इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको हत्या गरेको घटनालाई ट्रम्पले आफ्नो सफलताका रूपमा प्रस्तुत गर्नुभयो। उहाँले इरानका 'धेरैजसो नेतृत्व तह समाप्त भइसकेको' दाबी गर्दै सैन्य प्रगतिको चर्चा गर्नुभयो। तर इरानले पनि रणनीतिक रूपमा महत्त्वपूर्ण होर्मुज जलडमरूमध्यमा नियन्त्रण बढाउँदै प्रतिक्रिया दिएको छ, जुन विश्वको करिब पाँचौं भाग तेल आपूर्तिको प्रमुख मार्ग हो। यसको असर विश्व बजारमा देखिन थालेको छ–अमेरिकामा पेट्रोलको मूल्य वर्षौंपछि प्रति ग्यालन चार डलरभन्दा माथि पुगेको छ भने सेयर बजारमा गिरावट आएको छ।

ट्रम्पको सम्बोधनपछि पनि बजारमा अनिश्चितता कायम रह्यो। बिहीबार प्रारम्भिक कारोबारमा तेलको मूल्य फेरि बढ्दा लगानीकर्ताहरू सतर्क देखिएका छन्। यसले युद्ध छिट्टै अन्त्य हुने अपेक्षामा शङ्का उत्पन्न गरेको छ। अमेरिकी सिनेटर क्रिस मर्फीले ट्रम्पको नीतिमा स्पष्टता नभएको टिप्पणी गर्नुभयो। उहाँले ट्रम्पले युद्ध विस्तार गरिरहनुभएको हो कि घटाइरहनुभएको हो भन्ने कुरा अस्पष्ट रहेको बताउँदै सामाजिक सञ्जालमार्फत आलोचना गर्नुभयो। यसैबीच, ट्रम्पले इरानसँग सम्झौता नभए थप कडा कदम चाल्ने चेतावनी दोहोऱ्याउँदै देशका ऊर्जा पूर्वाधारमाथि समेत आक्रमण गर्न सकिने सङ्केत गर्नुभएको छ। यस्तो कदम अन्तर्राष्ट्रिय कानूनविपरीत हुन सक्ने र युद्ध अपराधको रूपमा व्याख्या हुन सक्ने चिन्ता व्यक्त गरिएको छ। "हामी उनीहरूलाई पाषाण युगमा फर्काउनेछौं", उहाँले कडा भाषामा भन्नुभयो, जसले द्वन्द्वको स्वरूप अझ उग्र बन्न सक्ने सङ्केत दिएको छ। यद्यपि कूटनीतिक पहलको सम्भावनाबारे उहाँको सम्बोधनमा खासै उल्लेख थिएन।

ट्रम्पले इरानी राष्ट्रपति मसुद पेजेस्कियानले युद्धविराम खोजिरहेको दाबी गर्नुभएको थियो, तर इरानको विदेश मन्त्रालयले उक्त दाबी अस्वीकार गर्दै अमेरिकामाथि 'अवास्तविक र अधिकतम दबाब' सिर्जना गरेको आरोप लगाएको छ। अमेरिकी सैन्य शक्ति माथि विश्वास व्यक्त गर्दै ट्रम्पले 'सबै कार्डहरू अमेरिका सँगै रहेको' दाबी गर्नुभयो। साथै उहाँले खाडी क्षेत्रका सहयोगी राष्ट्रहरूलाई आश्वस्त पार्ने प्रयास गर्दै उनीहरूलाई असफल हुन नदिने बताउनुभयो, यद्यपि ती देशहरू इरानी प्रतिआक्रमणको प्रभावमा परिसकेका छन्। उहाँले युरोपेली सहयोगीहरूलाई समेत आलोचना गर्नुभयो, जसले अमेरिकी युद्ध प्रयासलाई समर्थन नगरेको भन्दै असन्तुष्टि जनाउनुभयो। खाडी क्षेत्रको तेलमा निर्भर राष्ट्रहरूले होर्मुज जलडमरूमध्यको सुरक्षामा ध्यान दिनुपर्ने उहाँको भनाइ थियो।

### मध्यपूर्व युद्ध चर्किंदै, विश्व चिन्तित

वासिङ्टन, १९ चैत (रासस/एएफपी)।
मध्यपूर्वमा जारी युद्ध थप चर्किंदै जाँदा सैन्य आक्रमण, प्रतिआक्रमण र आर्थिक असर एकैसाथ तीव्र बनेका छन्। इजरायल, इरान, लेबनान र खाडी क्षेत्रसम्म फैलिएको द्वन्द्वले क्षेत्रीय सुरक्षामात्र नभइ, विश्व अर्थतन्त्रमा समेत गम्भीर दबाव सिर्जना गरेको छ। बिहीबार बिहान इरानले इजरायलतर्फ क्षेप्यास्त्र प्रहार गरेपछि इजरायली हवाई सुरक्षाले त्यसलाई रोक्ने प्रयास गरेको जनाइएको छ। केही प्रहारहरू मध्य इजरायलका क्षेत्रमा खसेका बताइएका छन्, जसका कारण कम्तीमा चार जना सामान्य घाइते भएका छन्। यसअघि पनि तेल अभिव नजिकै भएको आक्रमणमा ११ वर्षीया बालिकासहित १४ जना घाइते भएको इजरायली आपतकालीन सेवाले जनाएको थियो। उत्तरतर्फ, लेबनानस्थित हिजबुल्लाह समूहले उत्तरी इजरायलमा ड्रोन र रकेट आक्रमण गरेको दाबी गरेको छ। इजरायली सेनाले सीमावर्ती क्षेत्रमा साइरन बजाइएको पुष्टि गरेको छ, यद्यपि तत्काल ठूलो क्षति वा मानवीय हताहतको विवरण सार्वजनिक भएको छैन। लेबनान सीमामा तनाव बढ्दै जाँदा त्यहाँ छुट्टै मोर्चा सक्रिय बनेको सङ्केत देखिएको छ।

यसैबीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्धको सैन्य कारबाही अझ कडा बनाउने घोषणा गर्नुभएको छ। उहाँले थप दुईदेखि तीन हप्तासम्म 'अत्यन्त कडा' आक्रमण जारी रहने बताउँदै इरानले सम्झौता नगरे ऊर्जा पूर्वाधारसमेत निशाना बनाउन सकिने चेतावनी दिनुभएको छ। यस्तो आक्रमण अन्तर्राष्ट्रिय कानूनविपरीत हुन सक्ने भन्दै आलोचना भइरहेको छ। युद्धको प्रभाव ऊर्जा बजारमा प्रत्यक्ष देखिएको छ। ब्रेन्ट कच्चा तेलको मूल्य झन्डै सात प्रतिशतले बढेर प्रति ब्यारेल १०८.१५ डलर पुगेको छ भने वेस्ट टेक्सास इन्टरमिडियेट पनि पाँच प्रतिशतभन्दा बढी वृद्धि भई १०५.६५ डलरमा पुगेको छ। होर्मुज जलडमरूमध्यको अनिश्चितताले विश्व बजारमा थप अस्थिरता निम्त्याएको विश्लेषण गरिएको छ। इरानले अमेरिकी मागहरूलाई 'अधिकतम र तर्कहीन' भन्दै अस्वीकार गरेको छ। इरानी विदेश मन्त्रालयका प्रवक्ताका अनुसार विभिन्न मध्यस्थकर्तामार्फत सन्देश आदानप्रदान भए पनि अमेरिकासँग प्रत्यक्ष वार्ता नभएको स्पष्ट पारिएको छ। इरानका राष्ट्रपति मसुद पेजेस्कियानले युद्धले 'अमेरिका फर्स्ट' नीति वास्तवमै कसको हितमा रहेको हो भन्ने प्रश्न उठाउँदै अमेरिका र इजरायलमाथि युद्ध अपराधको आरोप लगाउनुभएको छ।

# सरकारले सातै प्रदेशमा अटिजम नमुना विद्यालय स्थापना गर्ने

**दैनिक समाचारदाता**
**काठमाडौँ, १९ चैत ।**
सरकारले सातै प्रदेशमा अटिजम नमुना विद्यालय स्थापना गर्ने घोषणा गरेको छ ।

विश्व अटिजम सचेतना दिवस (अप्रिल २) को अवसरमा बिहिबार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको समन्वयमा आयोजित कार्यक्रममा सम्बन्धित अन्य मन्त्रालयका मन्त्रीहरू, सचिवहरू तथा सरोकारवाला निकायका प्रतिनिधिहरूको बैठकले सातै प्रदेशमा एक-एक अटिजममा आधारित नमुना विद्यालय स्थापना गर्ने घोषणा गरेको हो ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले अटिजम भएका बालबालिकालाई सहज, सरल र प्रभावकारी सेवा उपलब्ध गराउने उद्देश्यसहित सरकारले अटिजम नमुना विद्यालय स्थापना गर्न लागको जानकारी दिए । उनले नमुना विद्यालय स्थापनाको कार्यक्रमलाई तीव्र रूपमा कार्यान्वयन गर्ने बताए ।

शिक्षामन्त्री पोखरेलको अध्यक्षता र स्वास्थ्य तथा जनसंख्यामन्त्री निशा मेहताको उपस्थितिमा भएको कार्यक्रममा अटिजम तथा बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि प्रत्येक प्रदेशमा सुविधासम्पन्न आवासीय विद्यालय सञ्चालन गर्ने योजना सार्वजनिक गरिएको छ ।

# आर्थिक गणना वैशाख २ देखि

सिरहा, १९ चैत (रासस) ।
सिरहामा आगामी वैशाख २ गतेदेखि आर्थिक गणना हुने भएको छ ।

जिल्ला तथ्याङ्क कार्यालयले बुधबार आयोजना गरेको जिल्लास्तरीय सचेतना गोष्ठीमार्फत गणनाको तयारी र कार्यतालिकाबारे जानकारी दिएको हो ।

प्रमुख तथ्याङ्क अधिकृत विमल यादवका अनुसार यो गणना आगामी असार ७ गतेसम्म सञ्चालन हुनेछ ।

आर्थिक विकासको वस्तुगत अवस्था चित्रण गर्ने उद्देश्यले देशभरि नै सञ्चालन हुन लागेको यो कार्यक्रमअन्तर्गत जिल्लाभर रहेका आर्थिक गतिविधिसँग सम्बन्धित सम्पूर्ण एकाइ, प्रतिष्ठान तथा व्यवसायको विस्तृत विवरण सङ्कलन गरिनेछ ।

गणनाका क्रममा ढुङ्गा, बालुवा तथा खनिज उत्खनन, लघु तथा ठूला उद्योग, निर्माण, विद्युत् उत्पादन तथा वितरण, खानेपानी तथा सिँचाइ, फोहर व्यवस्थापन, होटल तथा लज, यातायात, सूचना तथा सञ्चार, थोक तथा खुद्रा व्यापार, बैंक तथा वित्तीय संस्था, घरजग्गा कारोबार, शैक्षिक तथा स्वास्थ्य संस्था गरी १८ प्रकारका प्रमुख आर्थिक क्रियाकलापलाई समेटिने अधिकृत यादवले जानकारी दिनुभयो । जिल्लाभर ६० जना गणक परिचाल गरिने जनाइएको छ ।

# गृहमन्त्रीद्वारा तीन अध्यादेश पेस

काठमाडौँ, १९ चैत (रासस) ।
प्रतिनिधिसभाको बिहीबारको बैठकमा गृहमन्त्री सुधन गुरुङले तीन अध्यादेश पेस गर्नुभएको छ । सभाको पहिलो अधिवेशनको पहिलो बैठकमा दलीय आधारमा सदस्यहरूले मन्तव्य राखिसकेपछिको नियमित कार्यसूचीअन्तर्गत उहाँले 'नागरिकता सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०८२', 'प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२' र 'नेपाल विशेष सेवा (तेस्रो संशोधन) अध्यादेश, २०८२' पेस गर्नुभएको हो ।

नेपालको संविधानको धारा ८४ को उपधारा (२) बमोजिम समानुपातिकको बन्द सूचीमा समावेश गराउनुपर्ने जनसङ्ख्याको आरक्षणका लागि अध्यादेशबाट कानुन संशोधन गरिएको थियो । गत फागुन २१ गतेका लागि प्रतिनिधिसभाको निर्वाचन मिति तोकिएपछि सोका लागि मतदाता नामावली अध्यावधिकको प्रयोजनका लागि अघिल्लो सरकारले 'प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश' ल्याएको थियो ।

गृहमन्त्री गुरुङले राष्ट्रिय अनुसन्धान विभागलाई प्रधानमन्त्री तथा मन्त्रिपरषद्को कार्यालयअन्तर्गतबाट गृह मन्त्रालयअन्तर्गत राख्न 'नेपाल विशेष सेवा (तेस्रो संशोधन) अध्यादेश' जारी भएको जानकारी गराउनुभयो ।

बैठकमा संविधानसभाका सदस्य एवं पूर्वसदस्यहरू ऋषिकेश गौतम, मोहम्मद अफ्ताव आलम, कृष्णकुमारी श्रेष्ठ, आमोदप्रसाद उपाध्याय, होमनाथ दाहाल र संविधानसभा तथा राष्ट्रियसभाका सदस्य बलदेव बोहराको विभिन्न समयमा भएको निधनप्रति शोक प्रस्ताव पारित गरिएको छ ।

प्रतिनिधिसभाको अर्को बैठक यही चैत २२ गते आइतबार बिहान ११:०० बजे बस्नेछ ।

# मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना निर्माण गर्न कार्यदल गठन

काठमाडौँ, १९ चैत (रासस) ।
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मनसुनजन्य पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८३ तयार गर्ने भएको छ ।

यसका लागि प्राधिकरणको नीति, योजना तथा अनुगमन महाशाखा प्रमुख, सहसचिव रोशनीकुमारी श्रेष्ठको संयोजकत्वमा १८ सदस्यीय कार्यदल गठन भई कायम थालिएको हो ।

प्राधिकरणका प्रवक्ता उपसचिव शान्ति महतले मनसुनजन्य पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८३ तयार गर्न कार्यदल गठन गरेर काम थालिएका जानकारी दिनुभयो । कार्यदलमा विपद् सम्बद्ध सङ्घीय मन्त्रालय, विभाग तथा प्राधिकरणका साथै तीनवटै सुरक्षा निकायका प्रतिनिधि सहभागी छन् ।

सम्भावित मनसुनजन्य विपद्को प्रभावकारी सामना गर्दै धनजनको क्षति न्यूनीकरण गर्न सङ्घ, प्रदेश, स्थानीय तह, सुरक्षा निकाय, साझेदार संस्थालगायत विपद्सँग सम्बन्धित सरोकारवाला सबै निकायलाई पूर्वतयारी तथा प्रतिकार्यमा योजनाबद्ध ढङ्गले लाग्नका लागि कार्ययोजना बन्न लागेको हो ।

उक्त कार्ययोजना निर्माणका एक सदस्य प्राधिकरणका उपसचिव रामकुमार केसीले सबै प्रतिनिधिसलाई आवश्यक सुझाव दिनका लागि एक हप्ताको समय दिइएको जानकारी दिँदै यसपाली समयमै कर्यायोजना निर्माण हुने बतउनुभयो ।

उहाँले कार्ययोजनामा केके विषय समेट्नुपर्छ भन्नेसम्मको सुझाव प्राप्त भएपछि अर्को हप्ता कार्यदलको बैठक बस्ने तय भएको पनि उहाँले बताउनुभयो ।

गृहमन्त्री सुदन गुरुङले प्राधिकरणमा हालै आयोजित कार्यक्रममा समयमै प्रतिकार्य योजना निर्माण गरी विपद् व्यवस्थापनमा चुस्त निर्माण गर्न निर्देशन दिनुभएको थियो ।

# शान्तिपूर्ण रुपमा एसइई परीक्षा सुरु

भक्तपुर, १९ चैत (रासस) ।
यो वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) परीक्षाको बिहीबारदेखि देशभरका एक हजार ९६६ परीक्षा केन्द्रमा शान्तिपूर्ण रुपमा सुरु भएको छ ।

बिहीबार पहिलो दिन अङ्ग्रेजी विषयको परीक्षामा विद्यार्थी सामेल भएका छन् । परीक्षा यही चैत २९ गतेसम्म हुने छ । परीक्षामा पाँच लाख १२ हजार ४२१ जना सहभागी छन् । जापानको एक परीक्षा केन्द्रमा २३ जना सहभागी भएका छन् । परीक्षामा नियमिततर्फ चार लाख ४१ हजार ५६६ जना र ग्रेडवृद्धितर्फ ७० हजार ८५५ जना सहभागी छन् ।

तीन घण्टाको परीक्षामा अतिरिक्त समय आवश्यक पर्ने अपाङ्गता भएकाहरूलाई थप एक घण्टा ३० मिनेटको व्यवस्था गरिएको छ । त्यसैगरी, उनीहरूलाई लेखन सहयोगीका रूपमा कक्षा ९ सम्म अध्ययन गरेकालाई अनुमति दिइएको छ ।

# जेनजी आन्दोलनमा भएको हिंसात्मक गतिविधिको निष्पक्ष छानबिन गर्न एमालेको माग

काठमाडौँ, १९ चैत (रासस) ।
नेकपा (एमाले)को संसदीय दलका नेता रामबहादुर थापा 'बादल' ले जेनजी आन्दोलनका क्रममा गत भदौ २३ र २४ मा भएको सार्वजनिक सम्पत्तिको क्षति, भौतिक संरचना तोडफोड एवं आगलागीका घटनाको निष्पक्ष छानविनको माग गर्नुभएको छ ।

प्रतिनिधिसभाको पहिलो अधिवेशनको पहिलो बैठकमा उहाँले छानविनको माग गर्नुहुँदै आन्दोलनका क्रममा भएका हिंसात्मक गतिविधि सुनियोजितरूपमा भएको आरोप समेत लगाउनुभयो ।

एमालेका उपाध्यक्ष थापाले निर्वाचनबाट ठूलो दलसहित विजय हासिल गरेकामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई बधाइ दिनुभयो । प्रतिनिधिसभाको निर्वाचनले आफूहरूलाई सानो दलका रूपमा स्थान दिए पनि चुनौतीको सामना गरेर अघि बढ्ने बताउनुभयो ।

### *चट्याङका कारण ...*

घाइतेका आफन्तलाई विशेष मनोसामाजिक सहयोग आवश्यक पर्ने भएकाले राज्य र सरोकार भएका निकायले समन्वयात्मक रूपमा काम गर्नुपर्ने कार्कीले सुझाव दिनुभयो ।

**गर्भावस्थामा चट्याङको असरबारे विशेषज्ञको भनाइ यस्तो छ**

प्रसूति तथा स्त्रीरोग विशेषज्ञ प्राडा आरजुचन्द सिंहले गर्भवतीमा चट्याङसम्बन्धी फैलिएका भ्रमहरूले अनावश्यक डर सिर्जना गर्ने भन्दै वैज्ञानिक तथ्यमा आधारित जानकारी अपनाउन आग्रह गर्नुभएको छ । "गर्भावस्थामा चट्याङ जस्ता मौसमजन्य घटनाभन्दा पनि सही जानकारी र व्यवहारिक सावधानी महत्वपूर्ण हुन्छन् । सामान्य अवस्थामा चट्याङको प्रभाव गर्भवती महिला वा गर्भस्थ शिशुमा हानी गर्दैन । झ्यालबाट चट्याङ देख्नु, बाहिर पानी परिरहेको बेला घरभित्र बस्नु वा गर्जन सुन्नुजस्ता अवस्थालाई 'अप्रत्यक्ष सम्पर्क' मानिन्छ । जुन गर्भवती र शिशु दुवैका लागि सुरक्षित मानिन्छ", उहाँले भन्नुभयो, "प्रत्यक्ष रूपमा चट्याङ लाग्ने सम्भावना अत्यन्तै कम हुन्छ तर यस्तो अवस्थामा आमाको मुटु वा स्नायु प्रणालीमा असर पर्नसक्ने र त्यसले शिशुको अक्सिजन आपूर्तिमा समस्या ल्याउन सक्छ ।"

चट्याङको गर्जनले शिशुलाई हानि पुऱ्याउँछ भन्ने विश्वास गलत रहेको भन्दै उहाँले अम्नियोटिक तरल पदार्थले ध्वनि तरङ्गलाई कम गर्ने बताउनुभयो । डा सिंहका अनुसार प्रत्यक्ष विद्युत् झट्का लागेमा, बेहोस हुने, लगातार चक्कर आउने, रगत बग्ने, पानी चुहिने वा पेट दुख्नेलगायत लक्षण देखिएमा तत्काल अस्पताल जानुपर्ने हुन्छ । सामान्य रूपमा दुई घण्टाभित्र कम्तीमा १० पटक शिशुको हलचल महसुस हुनुपर्ने उल्लेख गर्दै उहाँले असामान्य कमी देखिएमा तत्काल ध्यान दिनुपर्ने सुझाव दिनुभयो ।

# व्यवसायी भट्ट प्रहरी नियन्त्रणमा

काठमाडौँ, १९ चैत (रासस) ।
प्रहरीले सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धानका क्रममा व्यवसायी दिपक भट्टलाई नियन्त्रणमा लिएको छ ।

केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को टोलीले बिहीबार काठमाडौँको गैरीधारा क्षेत्रबाट उहाँलाई नियन्त्रणमा लिएको प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

ब्युरोले सम्पत्ति शुद्धीकरणसम्बन्धी विषयमा भट्टमाथि अनुसन्धान गरिरहेको छ ।


सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं ।



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*